इलम (ILaM)

Labour Governance | Employment Services | Skill Development | Entrepreneurship

परियोजना अवधारणापत्र

सोंच/अवधारणा
संदीप कुमार साह



इलम (ILaM) परियोजना अवधारणा पत्र

सोंच/अवधारणा: संदीप कुमार साह (संस्थापक एवम् निर्देशक)
ईम्प्लोयमेन्ट सेक्टर रिफर्म डायलग फोरम
रौतहट, मधेश प्रदेश
मो.नं. ९८५११८८२१०
ईमेलः esrdf.sandeep@gmail.com
वेभसाईटः sandeepksah.com.np

सर्वाधिकार: संदीप कुमार साह

EMPLOYMENT
SECTOR REFORM DIALOGUE FORUM
रौतहट, मधेश प्रदेश
ईमेलः esrdfnepal@gmail.com

सार्वजनिक मितिः २०७९ जेठ २२ गते

विषयसूची

१. पृष्ठभूमि..... ३
२. रोजगारी सम्बन्धी कानूनी व्यवस्था..... ४
३. रोजगारीको वर्तमान अवस्था ५
४. रोजगारीका समस्या र चुनौतीहरु..... ६
५. रोजगारीका अवसरहरु ७
६. एकीकृत रोजगारमूलक कार्यक्रमको आवश्यकता..... ७
७. इलम परियोजनाको आवश्यकता..... ७
८. इलम परियोजनाको उद्देश्य ८
९. लक्षित वर्ग ८
१०. इलम परियोजनाका चरणहरु..... ८
११. इलम परियोजनाका उपलब्धिहरु १३
१२. इमल परियोजनाको राष्ट्रिय लक्ष्यसँग सामञ्जस्यता..... १४
१३. इलम परियोजनाका रणनीतिक स्तम्भ १४
१४. इलम परियोजनाको संस्थागत संरचना..... १४
१५. इलम परियोजना कार्यान्वयन मोडालिटी..... १५
१६. इलम परियोजनाको दिगोपना..... १५
१७. इलमले दिगो विकास लक्ष्यमा गर्ने सहयोग..... १५
१८. निश्कर्ष..... १५

१. पृष्ठभूमि

नेपालको संघीय संरचना तीन तहको रहेको छ । तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । तीनै तहका सरकारहरुले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ ।

श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा नेपाल कै श्रम बजारमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ । अनि मात्र देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान गर्न सक्ने देखिन्छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ । श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ । परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन् । नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ ।

देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब २२०० जनाको हाराहारीमा वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न तीनै तहका सरकारको भूमिका महत्वपूर्ण हुने देखिन्छ । युवा श्रमशक्तिलाई आन्तरिक रोजगारीमा परिचालन गरेको अवस्थामा मात्र देशले दीर्घकालीन रुपमा अधिकतम लाभ लिने अवस्था रहन्छ ।

नेपालमा अनौपचारिक रोजगारीको उच्च हिस्सा, वैदेशिक रोजगारीमा निर्भरता, सीमित औद्योगिकीकरण, स्थानीय तहको बलियो संरचना र न्यूनतम रोजगारी कार्यक्रमको विद्यमान अभ्यासमा आधारित रहेको छ । नेपालको आन्तरिक

श्रम बजार असंगठित, खण्डीकृत र सूचनाको अभावका कारण असन्तुलित बनेको छ । रोजगारी, सीप विकास, उद्यमशीलता, सामाजिक सुरक्षा र न्यूनतम रोजगारी सम्बन्धी कार्यक्रमहरू विभिन्न निकायबाट खण्डीकृत रूपमा सञ्चालन भइरहेका छन् । जसले स्रोतको दोहोरो प्रयोग, लक्षित समूहमा पहुँचको कमी र परिणाममा कमजोर प्रभाव सिर्जना गरेको छ । इलम (ILaM) परियोजनाले श्रम बजारको माग र आपूर्ति बीच समन्वय स्थापित गर्दै एकद्वार प्रणालीमार्फत प्रभावकारी, समावेशी र दिगो श्रम बजार निर्माण गर्ने लक्ष्य राखेको छ । इलम (ILaM) ले यी सबै पहलहरुलाई एउटै फ्रेमवर्क, एकद्वार प्रणाली र एकीकृत डाटा प्रणालीमार्फत रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र आर्थिक रूपान्तरणलाई राष्ट्रिय प्राथमिकताका साथ एकीकृत गरी संविधान प्रदत्त रोजगारीको हक कार्यान्वयन र दिगो आर्थिक रूपान्तरणमा ऐतिहासिक योगदान पुऱ्याउनेछ। तसर्थ श्रम सुशासन, रोजगार सेवा, क्षमता विकास, उद्यमशीलता विकास र न्यूनतम रोजगारीलाई एउटै एकीकृत फ्रेमवर्कभित्र ल्याई इलम (ILaM) परियोजनाको अवधारणा पत्र तयार गरिएको हो।

२. रोजगारी सम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ। रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ। संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ। जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरेको छ।

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ। मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय श्रम बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरि दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा रहेको छ।

नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ पनि कार्यान्वयनमा रहेको छ। बालश्रम निवारणका लागि बालश्रम निवारण सम्बन्धी

राष्ट्रिय गुरु योजना २०७५-२०८५ लागू गरी बालश्रममक्तु स्थानीय तह घोषणा गर्ने कार्य शुरु गरिएको छ। पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोंचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरि बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको थियो। सोह्रौ आवधिक योजनाले मर्यादित श्रम, उत्पादनशील र समावेशी रोजगारीका अवसरको सिर्जना गर्ने जस्ता संरचनागत रुपान्तरणका क्षेत्र र रणनीति तय गरिएको छ।

३. रोजगारीको वर्तमान अवस्था

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ। नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ। यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ। रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ। बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत रहेको छ। नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ। यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन। जसको परिणाम स्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नभएको देखाउँछ। प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बागमती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ। अनौपचारिक तथा असंगठित क्षेत्रमा ६२.२ प्रतिशत ब्यक्तिहरु दैनिक ज्यालादारी, मजदुरी तथा श्रमिकको रुपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ।

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार २०७८ फागुनसम्म वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कुल कामदारहरूको सङ्ख्या ५६ लाख ६५ हजार २ सय २६ पुगेको छ। लगभग आधा मिलियन मानिसहरूले प्रत्येक वर्ष श्रम स्वीकृति लिने गरेको तथ्याङ्कले देखाउँछ। राष्ट्रिय जनगणना २०७८ अनुसार २१ लाख व्यक्तिहरू नेपालको परिवारबाट अनुपस्थित रहेका छन्। जुन कुल जनसङ्ख्याको ७.४ प्रतिशत रहेको छ। नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२ अनुसार सन् २०२१/२२ सम्म नेपाली नागरिक रोजगारीका लागि १५० देशमा गएका छन्। सन् २०२०/२१ मा १८३८७५ र सन् २०२१/२२ मा ४५०८९७ आप्रवासी श्रमिकहरू नेपाल फिर्ता आएको देखिन्छ। वैदेशिक रोजगारीबाट फर्किने कामदारको सङ्ख्या सबैभन्दा बढी मधेस प्रदेशमा रहेको छ। नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार फर्केका आप्रवासी कामदारहरू मध्ये ४२.८ प्रतिशत रोजगारीमा रहेका छन्, १३.४ प्रतिशत बेरोजगार छन् र ४३.८ प्रतिशत श्रम शक्ति बाहिर रहेका छन्।

नेपालमा रोजगारीमा ३४.२ प्रतिशत जनसंख्या संलग्न छ। रोजगारीमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बागमती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ। नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार ६२.२ प्रतिशत व्यक्तिहरू अनौपचारिक तथा असंगठित क्षेत्रमा दैनिक ज्यालादारी, मजदुरी तथा श्रमिकको रुपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ। पन्ध्रौ योजनाले आ.व. २०८०/८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ। त्यस्तै आ.व. २०८०/८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र विसं २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। हालको बेरोजगारी दरलाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ। साथै सन् २०३० सम्म विश्वको सबै क्षेत्रबाट सबै प्रकारको गरिबीको अन्त्य गर्ने दिगो विकासको लक्ष्य रहेको छ। सन् २०३० सम्ममा विश्वव्यापी गरिबीलाई ३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा ७ प्रतिशत रहने अनुमान गरिएको छ। पन्ध्रौं योजनाको अन्त्यसम्ममा निरपेक्ष गरिबीलाई ९.५ प्रतिशतमा र बहुआयामिक गरिबीलाई ११.५ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ। त्यसै गरि गरिबी निवारण नीति, २०७६ ले गरिबीको रेखामुनी रहेको जनसंख्यालाई वि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.सं. २१०० सम्म शुन्यमा झार्ने लक्ष्य राखेको छ।

४. रोजगारीका समस्या र चुनौतीहरु

रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सृजना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचीकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेको छ।

रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु, नगरपालिकामा रहेका रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु, रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमलूक बनाई उद्यमशीलिता विकास गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरुको रहेको छ।

५. रोजगारीका अवसरहरु

श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित हुनु, श्रम तथा रोजगारमैत्री कानूनहरु निर्माण हुनु, रोजगार सेवा केन्द्रको स्थापना हुनु, श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय तहसम्म विस्तार हुदै जानु, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु, रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्नु, न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु, युवाहरुमा उद्यमशील भावनाको विकास हुदै जानु, आर्थिक गतिविधिहरुमा बढोत्तरी हुनु, लगानीमैत्री वातावरणको अवस्था तयार हुदै जानु, प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जानु, जनसांख्यिक लाभको अवस्था अझै केहि वर्ष कायमै रहनु आदि अवसरहरु रहेका छन् ।

६. एकीकृत रोजगारमूलक कार्यक्रमको आवश्यकता

नेपालमा आन्तरिक रोजगारीका अवसरहरुको सिर्जना एवम् प्रवर्द्धन गर्न, दक्ष, सीपयुक्त, क्षमतावान, प्रतिस्पर्धी र व्यवसायिक जनशक्तिको उत्पादन गर्न, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन, बालश्रम तथा बाधा श्रमलाई अन्त्य गर्न, श्रम बजारमा श्रम सुशासन र श्रम सम्बन्ध कायम गर्न, निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न, हरित अर्थतन्त्र निर्माणमा सहयोग गर्न, सामाजिक सुरक्षाको प्रणालीगत विकास तथा विस्तार गर्न, रोजगार सेवा सहायता तथा रोजगार विनिमय सेवा सञ्चालन गर्न, उद्यमशिलताको विकास र प्रवर्द्धन गरी स्वरोजगार बनाउन, न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने खालको एकीकृत रोजगार कार्यक्रम सञ्चालनको वर्तमान आवश्यकता रहेको छ । जसले एकीकृत रुपमा श्रम तथा रोजगारसंग सम्बन्धित सबै क्षेत्रहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्न सक्छ । नेपालको श्रम बजारको अवस्था, रोजगारीका अवसरमा भएको संकुचन, वैदेशिक रोजगारीमा परेको अधिक चाप, सीप तथा क्षमता विकास कार्यक्रममा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्न र श्रम रोजगार सम्बन्धी गतिविधि एवम् क्रियाकलापहरुमा सहयोग पुग्ने खालको एकीकृत रोजगार कार्यक्रमको आवश्यकता रहेको छ ।

७. इलम परियोजनाको आवश्यकता

नेपालको श्रम बजारमा देखिएका संरचनागत समस्या, खण्डीकृत कार्यक्रम र कमजोर नतिजाका कारण ईलम (ILaM) जस्तो एकीकृत प्रणाली अत्यावश्यक भएको छ । यसको आवश्यकता निम्नानुसार रहेका छन्:

- रोजगारमूलक कार्यक्रमहरुलाई एउटै फ्रेमवर्क र एकद्वार प्रणालीमार्फत सञ्चालन गर्न,
- एकीकृत प्रणालीमार्फत रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- बजेट तथा कार्यक्रममा रहेको दोहोरोपनाको अन्त्य गर्न,
- रोजगारी मिलान (Job Matching) मा सुधार गर्न,
- अनौपचारिक रोजगारीलाई औपचारिक र मर्यादित रोजगारी तर्फ रूपान्तरण गर्न,
- वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई सीप, उद्यम र रोजगारसँग जोड्न,

- न्यूनतम रोजगारी मार्फत गरिबी तथा बेरोजगारी दरमा कमी ल्याउन,
- स्थानीय तहलाई One-Stop Service Centre मा रूपान्तरण गर्न।

८. इलम परियोजनाको उद्देश्य

स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा एकीकृत, समावेशी, मर्यादित र दिगो श्रम बजार विकास गर्नु हो।

- रोजगारी सिर्जना एवम् प्रवर्द्धन गर्ने,
- रोजगार सेवा तथा श्रम बजार सम्बन्धी जानकारी वा सूचना प्रदान गर्ने,
- रोजगारी खोज्ने, रोजगारी दिने र सीप प्रदायकबीच प्रभावकारी मिलान प्रणाली विकास गर्ने
- सीपयुक्त, प्रतिस्पर्धी, व्यवसायिक र क्षमतावान जनशक्तिको विकास गर्ने,
- श्रमिकको सीप, उत्पादकत्व र रोजगारयोग्य क्षमता अभिवृद्धि गर्ने
- स्थानीय आर्थिक विकासका गतिविधि विस्तार गर्ने
- उद्यमशीलता विकास एवम् प्रवर्द्धन गरी स्वरोजगार हुने वातावरण निर्माण गर्ने,
- पूँजी र प्राविधिक सहयोग उपलब्ध गराउने,
- बेरोजगार, गरिब, विपन्न तथा जोखिममा रहेका वर्ग वा समूहलाई न्यूनतम रोजगारीको सुनिश्चितता गर्ने
- रोजगारीको भविष्य तय गर्ने,
- श्रम बजारलाई सहजीकरण, व्यवस्थापन र नियन्त्रण गर्ने।

९. लक्षित वर्ग

- कानूनले तोके बमोजिम १८-५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति,
- निम्न स्तरको सीप वा सीमित कार्य अनुभव भएको व्यक्ति,
- वैदेशिक रोजगारीमा जाने व्यक्ति
- वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासीहरू
- निजी क्षेत्र

१०. इलम परियोजनाका कम्पोनेन्टहरु

मुलुकको बेरोजगारी समस्यालाई अन्त्य गर्न, रोजगारीका अवसरहरू सिर्जना गर्न, रोजगार सेवालाई दिगो, प्रभावकारी र व्यवस्थित बनाउन तथा रोजगार सेवा केन्द्रलाई सबल र सुदृढ बनाई रोजगार सेवामा सर्वसाधारणहरूको सहज पहुँच कायम गर्न एकीकृत रुपमा श्रम बजार हस्तक्षेप गर्नु अपरिहार्य भएको छ। नेपाली श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिहरूको

ज्ञान, सीप, क्षमता, योग्यता, प्रतिस्पर्धात्मक क्षमता र व्यवसायिकता एवम् नेपालको वर्तमान अवस्था, परिवेश, परिस्थिति र उपलब्ध श्रमशक्तिको सीप एवम् क्षमतालाई मध्य नजर गरी एकीकृत रुपमा श्रम बजारमा हस्तक्षेप गर्न मुख्तया पाँच वटा चरणमार्फत एकै पटक हस्तक्षेप गर्नु आवश्यक रहेको छ ।

कम्पोनेन्ट-१ : श्रम सुशासन (Labor Governance)

श्रम सुशासन भन्नाले रोजगारदाता, कामदार र सरकारबीचको सम्बन्धको निरीक्षण गर्ने प्रणाली, नीतिहरू र अभ्यासहरूलाई जनाउँदछ । यसको मुख्य उद्देश्य भनेको श्रम बजारमा श्रम तथा रोजगार नीति, कानुन र संस्थागत समन्वय र सहकार्यलाई सुदृढ गर्नु हो । जसको परिणामस्वरुप श्रम सुशासनले काम गर्ने राम्रो अवस्था र सरोकारवालाहरू बीच समानतापूर्ण सम्बन्धलाई बढावा दिनेछ । जसको परिणामस्वरुप मर्यादित कामलाई प्रोत्साहन गर्छ । यसले कार्यस्थलमा निष्पक्ष व्यवहार, सुरक्षा र अधिकार सुनिश्चित गर्ने उद्देश्यले आवश्यक नियम, कानून र ढाँचाहरूको तर्जुमा एवम् कार्यान्वयन गरी श्रम सुशासन कायम गर्न सहयोग गर्नेछ ।

यस चरण अन्तर्गत नेपालको संविधानमा मौलिक हक अन्तर्गत उल्लेख भएको श्रम र रोजगारी सम्बन्धी हकलाई व्यवहारमा कार्यान्वयन गर्न आवश्यक नीतिगत, कानूनी र कार्यक्रमगत आधार तयार गर्ने, श्रम बजार सम्बन्धी सही सूचना र जानकारीको अभावका कारण रोजगारीको खोजीमा रहेका व्यक्ति र श्रमिकहरुले विभिन्न समस्या, कठिनाई र चुनौतीहरुको सामना गर्न परिरहेकाले श्रम ऐन, श्रमिकको हक अधिकारबारे जानकारी बढाउने, श्रमको सम्मान, राष्ट्रको अभियान सञ्चालन गर्ने र रोजगारी सिर्जना गर्न निजी क्षेत्रको संलग्नता अभिवृद्धि हुने गरी वातावरण निर्माण गर्ने कार्यहरू गर्नेछ । श्रम बजारमा सहज पहुँच कायम गर्न श्रम बजार व्यवस्थापन सूचना प्रणालीको निर्माण गरी श्रम बजारलाई व्यवस्थित र गतिशील बनाउने काम हुनेछ ।

यस चरण अन्तर्गत अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिकीकरण गर्ने, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने तथा सामाजिक सुरक्षा कोषको दायरा विस्तार गरी स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रमार्फत सेवा उपलब्ध गराउन सहयोग गर्नेछ । बाल श्रम तथा बाँधा श्रमलाई अन्त्य गर्ने काम पनि यसै चरण अन्तर्गत हुनेछ । साथै वैदेशिक रोजगारलाई सहज, सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउने, वैदेशिक रोजगारीमा हुने ठगीलाई नियन्त्रण गर्ने, वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणलाई औपचारिक माध्यमबाट स्वेदशमा पठाउन र उत्पादनमूलक क्षेत्रमा लगानी गर्न साक्षरता अभियान सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट फर्किएका अप्रवासीहरूलाई पुनः एकीकरण गर्ने तथा वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरूलाई अझ सहज रूपमा प्रवाह गर्ने, वैदेशिक रोजगारीमा हुने जोखिम न्यूनीकरण गर्न सचेतना अभिवृद्धि गर्ने, वैदेशिक रोजगारमा जानेलाई सही सूचना, परामर्श, सहजीकरण, पूर्व प्रस्थान अभिमुखीकरण तालिम सञ्चालन गर्ने कार्य गर्नेछ ।

श्रम नीति, ऐन तथा नियमहरुको समीक्षा एवम् सुधार, श्रम निरीक्षण प्रणालीको सुदृढीकरण, सामाजिक संवाद (सरकार - निजी क्षेत्र - श्रमिक), कार्यस्थल सुरक्षा, सुरक्षित, मर्यादित र सम्मानित श्रम अभ्यासको प्रवर्द्धन, वैदेशिक तथा आन्तरिक श्रम आप्रवासन व्यवस्थापन, लैंगिक समानता र समावेशी श्रम तथा रोजगार नीतिको कार्यान्वयन गर्नेछ। श्रम बजारलाई चलायमान बनाउन तीन तहका सरकार, विकास साझेदार, निजी क्षेत्र लगायत अन्य रोजगारदाताहरूसंग सहजीकरण, समन्वय, सहकार्य र सम्वाद गर्ने कार्यलाई प्रभावकारी, शसक्त र व्यवस्थित बनाई श्रम सुशासन कायम गर्न अहम् भूमिका खेल्नेछ।

कम्पोनेन्ट-२ : रोजगार सेवा (Employment Service)

रोजगार सेवा भन्नाले बेरोजगार व्यक्तिहरूलाई रोजगारीको अवसर प्राप्त गर्न वा रोजगारीमा सहज पहुँच स्थापित गर्न गराउन प्रदान गरिने आवश्यक सेवा, सुविधा वा क्रियाकलापलाई बुझाउँछ। यसको मुख्य उद्देश्य रोजगारी खोज्ने र रोजगारी दिने पक्षबीच प्रभावकारी मिलान (Job Matching) गर्नु हो। श्रम बजारमा प्रवेश गर्ने बेरोजगार व्यक्तिहरुको समस्या एकै किसिमको वा एकै प्रकृतिको हुदैन्। कसैलाई सेवा चाहिएको हुन्छ भने कसैलाई परामर्श त कसैलाई सीपको आवश्यकता रहेको हुन्छ। रोजगार सेवाले यी सबै कुरालाई संयोजन एवम् व्यवस्थापन गर्न सहयोग गर्नेछ। रोजगार सेवाले रोजगारी वा काम खोज्ने व्यक्तिहरूलाई रोजगारीका अवसरहरूमा पदस्थापन गर्न सहयोग गर्नुको साथै सक्रिय, व्यवस्थित, प्रभावकारी, समावेशी र स्वचालित श्रम बजारको निर्माण गर्न तथा बेरोजगार व्यक्तिको उत्पादकत्व क्षमता मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ।

यस चरण अन्तर्गत रोजगारीका अवसर र सम्भावनाहरुको पहिचान गर्ने, श्रम बजारको प्रकृतिको बारेमा जानकारी गराउने, श्रम बजारमा प्रवेश गर्ने बेरोजगार व्यक्तिहरूलाई आवश्यक बेरोजगार सेवा सहायता, करियर परामर्श, रोजगारी मार्गदर्शन एवम् रेफरल सेवा प्रदान गर्ने, राष्ट्रिय स्तरको रोजगार सूचना व्यवस्थापन प्रणाली (Employment Management Information System - EMIS) वा एकीकृत श्रम बजार सूचना प्रणाली (Labor Market Information System - LMIS) मार्फत रोजगार/श्रम विनिमय सेवा सञ्चालन गर्ने, सुरक्षित, मर्यादित र औपचारिक रोजगारी प्रवर्द्धनमा सहयोग गर्ने, रोजगार मेला, रोजगार सेवा प्रणालीबारे सचेतना अभिवृद्धि गर्ने लगायतका रोजगारीसंग सम्बन्धित अन्य सबै सेवाहरू प्रदान गरी श्रम बजारमा प्रवेश गर्ने व्यक्तिहरूलाई सहजता प्रदान गर्न सहजीकरण गर्ने कार्य गरिनेछ। एकीकृत श्रम बजार सूचना प्रणाली (Labor Market Information System - LMIS) ले सरकार, एकेडमिया, निजी क्षेत्र, सरोकारवाला व्यक्ति र निकायहरुलाई जोडने काम गर्नेछ।

कम्पोनेन्ट-३ : तालिम तथा सीप विकास (Training and Skill Development)

सीप भनेको सिकाइ, अभ्यास र अनुभवको माध्यमबाट कुनै विशेष सीप वा विशेषज्ञता प्राप्त गर्ने प्रक्रियालाई बुझाउँछ। यसको मुख्य उद्देश्य बेरोजगार व्यक्ति वा रोजगारीमा रहेका श्रमिकको सीप, दक्षता एवम् उत्पादकत्व क्षमता अभिवृद्धि गर्नु हो। यस चरण अन्तर्गत १८ देखि ४५ वर्ष उमेर समूहभित्रका अदक्ष व्यक्तिहरू, निम्न स्तरका सीप वा सीमित कार्य अनुभव भएका व्यक्तिहरू र थप क्षमता विकास आवश्यक भएका व्यक्तिहरूलाई श्रम बजारको मागको आधारमा दक्ष, प्रतिस्पर्धी, क्षमतावान र व्यवसायिक बनाई श्रम बजारमा आपूर्ति गर्ने काम गरिनेछ। साथै वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई लक्षित गरी अन्तराष्ट्रिय श्रम बजारको माग अनुसारको आवश्यक दक्ष जनशक्ति तयार गर्ने र वैदेशिक रोजगारबाट आर्जन भएका सीपलाई प्रमाणीकरण गरिने कार्य समेत गरिनेछ। यस अन्तर्गत जीवन उपयोगी सीप, व्यवहारिक ज्ञान, प्राविधिक तथा व्यवसायिक सीप, डिजिटल सीप सम्बन्धी तालिमहरू र वृत्ति विकास सम्बन्धी अनलाईन तालिम मोड्युलहरू तयार गरी सञ्चालन गरिनेछ।

यस चरण अन्तर्गत श्रम बजारमा उच्च माग भएका सीपहरुको पहिचान (Skill Mapping) गर्ने, स्थानीय,राष्ट्रिय एवम् विश्व श्रम बजारमा खपत हुन सक्ने सीपको वर्गीकरण गर्ने, सीप नभएका व्यक्तिहरूलाई नयाँ सीप सिकाउने, विद्यमान सीपहरूमा सुधार गर्ने (रिस्किलिङ्ग एण्ड अपस्किलिङ्ग), प्राविधिक तथा व्यावसायिक सीप विकास तालिम सञ्चालन गर्ने, अनौपचारिक सीपको प्रमाणीकरण गर्ने, सूचना प्रविधिसंग सम्बन्धित सीप (IT related Skills), डिजिटल सीप तथा हरित सीप (Digital & Green Skills), सेवा क्षेत्रसंग सम्बन्धित सीप (Service Sectors related Skills), निर्माण क्षेत्रसंग सम्बन्धित सीप (Construction Sector related Skills), पर्यटन तथा अतिथि सत्कारसंग सम्बन्धित सीप (Tourism & Hospitality Sector related Skills), कृषि क्षेत्रसंग सम्बन्धित सीप (Agriculture Sector related Skills), उत्पादन क्षेत्रसंग सम्बन्धित सीप (Manufacturing Sector related Skills) विकास लगायत रोजगार केन्द्रित अन्य सीप विकास तालिमहरुको सञ्चालन गरिनेछ। जसले गर्दा सहजै रोजगारी प्राप्त गर्न, रोजगारीमा रहि रहन वा फरक र विकसित श्रम बजारमा प्रतिस्पर्धा गर्न रोजगारयोग्य क्षमताको विकास गरी व्यक्तिहरूको वृत्ति विकास र उन्नतिका अवसरहरू बढाउँन मदत गर्नेछ। यस चरण अन्तर्गत सञ्चालन हुने वा गरिने तालिम तथा सीप विकास कार्यक्रमहरू बेरोजगार व्यक्ति वा सीप नभएका व्यक्तिको व्यवहारिक ज्ञान, सीप, क्षमता वा कुनै खास विद्या वा क्षेत्रमा विशेषज्ञता बढाउने अभिप्रायले प्रदान गरिनेछ। सीपयुक्त जनशक्तिहरुको समुचित परिचालन एवम् व्यवस्थापन एकीकृत श्रम बजार सूचना प्रणाली (Labor Market Information System - LMIS) मार्फत नै गर्नु पर्छ।

कम्पोनेन्ट-४ : न्यूनतम् रोजगार (Minimum Employment)

गरिबीको रेखामुनि रहेका व्यक्ति, विपन्न वर्गका व्यक्ति, जोखिमयुक्त अवस्थामा रहेका व्यक्ति, सक्रिय श्रम बजारमा प्रवेश गर्न नसकेका व्यक्ति वा कहि कतै रोजगारी प्राप्त गर्न नसकेका व्यक्ति वा प्राकृतिक प्रकोप वा आर्थिक मन्दीका कारण प्रभावित व्यक्ति वा कुनै किसिमको सीप नभएका अदक्ष व्यक्तिहरुलाई अस्थायी रोजगारी वा जीवनयापनमा सहजताका

लागि तुरुन्त आम्दानी प्रदान गर्न सिर्जना गरिएका अल्पकालीन वा तत्कालीन रोजगारीका अवसरहरूको रुपमा न्यूनतम् रोजगार प्रदान गरिनेछ । अप्रत्याशित वा चुनौतीपूर्ण समयको सामना गरिरहेका गरिब, विपन्न तथा जोखिममा रहेका वर्गका बेरोजगार व्यक्तिहरूको अत्यावश्यक आवश्यकताहरूलाई सम्बोधन गर्न न्यूनतम रोजगारीको सुनिश्चितता गर्नु यसको मुख्य उद्देश्य रहेको छ । यस्ता कार्यक्रमले ती व्यक्तिहरूलाई स्थिर बनाई पुनः श्रम बजारमा प्रवेश गर्न वा रोजगारी खोज्न मद्दत गर्नेछ ।

गरिबीको रेखामुनि रहेका व्यक्ति, विपन्न वर्ग, जोखिमयुक्त अवस्थामा रहेका व्यक्ति र अदक्ष व्यक्तिहरुलाई मात्र यस कार्यक्रममा सामेल गरिनेछ । यस कम्पोनेन्ट अन्तर्गत ३ वटा प्रक्रियाहरु अवलम्वन गरिनेछ । पहिलो प्रक्रिया अन्तर्गत १८ देखि ४५ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम् रोजगार कार्यक्रमको माध्यमद्वारा अर्द्ध सीपयुक्त जनशक्ति तयार गरिनेछ । यस अन्तर्गत पचास दिनको रोजगारी, चालिस दिनको कार्यस्थलमा आधारित सीप विकास तालिम (सैद्धान्तिक एवम् प्रयोगात्मक) र दश दिनको जीवन उपयोगी तालिम गरी कुल एक सय दिन बराबरको न्यूनतम् रोजगारी प्रदान गरिनेछ । जसले ती व्यक्तिको जीवनयापनमा सहजता हुनुको साथै सक्रिय श्रम बजारमा पुनः प्रवेश गर्न सक्षम बनाउनेछ ।

दोस्रो प्रक्रिया अन्तर्गत १८ देखि ५० वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम् रोजगार कार्यक्रमको माध्यमद्वारा उद्यमी तयार गरिनेछ । उद्यमी बन्ने सोंच भएका व्यक्तिहरुलाई एक सय दिनको रोजगारीमा सामेल गराईने भए तापनि पचास दिन बराबरको ज्याला रकममात्र भुक्तानी गरिनेछ र बाँकी रहेको पचास दिनको बराबरको ज्याला रकम उद्यम व्यवसाय स्थापना गरेको १ महिना पछि भुक्तानी गरिनेछ । तेस्रो प्रक्रिया अन्तर्गत अन्तर्गत १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरूलाई एक सय दिन बराबरकै न्यूनतम् रोजगारी प्रदान गरिनेछ । जसले ती व्यक्तिको जीवनयापनमा सहजता भए पश्चात पुनः सक्रिय श्रम बजारमा प्रवेश गर्न सक्षम बनाउनेछ । न्यूनतम रोजगार कार्यक्रममा लक्षित वर्गलाई एक पटक मात्र सामेल गराईनेछ र यस किसिमको न्यूनतम् रोजगार कार्यक्रम स्थानीय तहको लागत साझेदारीमा मात्र सञ्चालन गरिनेछ ।

कम्पोनेन्ट-५ : उद्यमशीलता विकास एवम् प्रवर्द्धन (Entrepreneurship Development and Promotion)

उद्यमशीलताको विकास एवम् प्रवर्द्धनले नयाँ नयाँ उद्यम व्यवसायहरूको विकास एवम् विस्तार गर्न, नयाँ उद्यमीहरू सिर्जना गर्न, नवप्रवर्तनलाई प्रोत्साहन गर्न, उद्यमीहरूलाई आवश्यक सहयोग र सहजीकरण गर्न, उद्यमशील वातावरण निर्माण गर्ने कार्यलाई बढावा दिनमा केन्द्रित हुनेछ । यसको मुख्य लक्ष्य भनेको व्यक्तिहरूलाई आफ्नो सीप एवम् दक्षता

अनुसारको उद्यमहरू सुरु गर्न र सफल उद्यमी बन्नका लागि सशक्त बनाउनु हुनेछ। जसले आर्थिक वृद्धि, रोजगारी सिर्जना र नवप्रवर्तनमा जोड दिनेछ।

यस चरण अन्तर्गत १८ देखि ५० वर्ष उमेर समूहभित्रका स्वरोजगार हुन खोज्ने बेरोजगार व्यक्तिहरूलाई स्वरोजगार बनाउन उद्यमशीलताको विकास एवम् प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । यस चरण अन्तर्गत आवश्यक उद्यमशीलता विकास तालिम, बाजरीकरण सीप, बजारको सञ्जाल निर्माण एवम् पहुँच विस्तार, व्यवसाय विकास सेवा, व्यवसाय प्रवर्द्धन सीप एवम् तरिका, व्यवसाय विकास एवम् प्रवर्द्धनात्मक गतिविधिहरु, स्टार्टअप कोष मार्फत शुरुआती पुँजी वा अनुदान, बजारको माग र आपूर्तिको इकोसिस्टम तयार, बैंक तथा वित्तीय संस्थाहरुमा सहज पहुँच विस्तार, वित्तीय साक्षरता सञ्चालन, नवप्रवर्तन, प्रविधि एवम् हरित उद्यम प्रवर्द्धन गर्ने क्रियाकलापहरूको माध्यमबाट उद्यमी तयार गरिने वा उद्यमी बन्ने सहज वातावरण निर्माण गरिनेछ। उद्यमी बन्न आवश्यक ज्ञान एवम् सीप अभिवृद्धिका लागि तालिम एवम् सीप विकास कार्यक्रमहरु तालिम तथा सीप विकास कम्पोनेन्टमार्फत नै सञ्चालन गरिनु पर्छ।

११. इलम परियोजनाका उपलब्धिहरु

श्रम सुशासनलाई सुदृढ, रोजगार सेवा प्रणालीलाई एकीकृत र पूर्ण डिजिटल, श्रमिकलाई सीपयुक्त, उद्यमशीलता प्रवर्द्धन र न्यूनतम रोजगारी सुनिश्चित गर्न सकेमा श्रम बजारमा सूचना, सीप र रोजगारीबीचको असन्तुलन घट्नेछ; मर्यादित रोजगारी र आयका अवसर वृद्धि हुनेछन्; गरिबी न्यूनीकरण र सामाजिक स्थायित्वमा योगदान पुग्नेछ।

- उत्पादनशील र मर्यादित रोजगारीमा वृद्धि हुनेछ।
- औपचारिक रोजगारीको हिस्सा वृद्धि हुनेछ।
- मानव पुँजीको विकास हुनेछ।
- राष्ट्रिय बेरोजगारी दरमा कमी आउनेछ।
- न्यूनतम रोजगारीमार्फत गरिबी न्यूनीकरणमा सहयोग पुग्नेछ।
- श्रम बजारमा सहज पहुँच कायम हुनेछ।
- बेरोजगार व्यक्तिको रोजगारयोग्य क्षमतामा बढोत्तरी हुनेछ।
- रोजगारीमा कायम रहि रहने क्षमतामा विकास हुनेछ।
- श्रम बजारमा सुशासन र पारदर्शिता कायम हुनेछ।
- लघु तथा साना उद्यमको विकास भई स्वरोजगारी एवम् रोजगारीमा वृद्धि हुनेछ।
- श्रमिकको आय र उत्पादकत्व वृद्धि हुनेछ।
- स्थानीय उत्पादनमा वृद्धि भई आर्थिक विकासमा सहयोग पुग्नेछ।

१२. इमल परियोजनाको राष्ट्रिय लक्ष्यसँग सामञ्जस्यता

इलम (ILaM) परियोजनाले देहायका राष्ट्रिय लक्ष्यसँग प्रत्यक्ष सामञ्जस्य राख्दछ:

- संविधानद्वारा सुनिश्चित रोजगारी र श्रमको हक
- राष्ट्रिय रोजगार नीति, श्रम नीति, आप्रवासन नीति
- दिगो विकास लक्ष्य (SDGs 1, 8, 10)
- समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच
- सोह्रौं पञ्चवर्षीय योजना

१३. इलम परियोजनाका रणनीतिक स्तम्भ

१. श्रम सुशासन
२. रोजगार सेवा
३. सीप तथा क्षमता विकास
४. न्यूनतम रोजगार
५. उद्यमशीलता प्रवर्द्धन

१४. इलम परियोजनाको संस्थागत संरचना

१. **सङ्घीय स्तर**: राष्ट्रिय रोजगार प्राधिकरण (National Employment Authority)
२. **प्रदेश स्तर**: प्रादेशिक रोजगार परिषद (Provincial Employment Council)
३. **स्थानीय स्तर**: रोजगार सेवा केन्द्र (Employment Service Center)
४. **सहयोगी संयन्त्र**: सरकारी निकायहरु, निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संघसंस्था, उद्योग वाणिज्य संघ/महासंघ, रोजगारदाता, सहकारी संस्था लगायत रोजगार व्यवस्थापनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग गर्ने निकाय वा संघसंस्था।

श्रम बजारलाई गतिशील, स्वचालित र व्यवस्थित बनाउन अबको नयाँ परिवेशमा
नयाँ स्वतन्त्र संरचनाहरुको ढाँचा



१५. इलम परियोजना कार्यान्वयन मोडालिटी

- बहुवर्षीय (Multi-year) कार्यक्रम
- लागत साझेदारीमा आधारित वित्तीय व्यवस्थापन प्रणाली (सङ्घीय/प्रदेश/स्थानीय)
- सार्वजनिक निजी साझेदारी
- एकद्वार प्रणाली (One stop center) मार्फत स्थानीय तह केन्द्रित कार्यान्वयन

१६. इलम परियोजनाको दिगोपना

- नीति र बजेट प्रणालीसँग आबद्धता
- डिजिटल प्रणालीमार्फत संस्थागत क्षमता निर्माण
- निजी क्षेत्रको सक्रिय एवम् दीर्घकालीन संलग्नता
- प्रदेश र स्थानीय तहमा स्केल अपको सम्भावना

१७. इलमले दिगो विकास लक्ष्यमा गर्ने सहयोग

इलमले दिगो विकास लक्ष्यहरु मध्ये तपसिलका लक्ष्यहरु हासिल गर्न समेत सहयोग गर्नेछ।

- लक्ष्य नं. १ – गरिबीको अन्त्य
- लक्ष्य नं. २ – भोकमरीको अन्त्य
- लक्ष्य नं. ३ – सुस्वास्थ्य तथा समृद्ध जीवन
- लक्ष्य नं. ४ – गुणस्तरीय शिक्षा
- लक्ष्य नं. ८ - मर्यादित काम र आर्थिक वृद्धि
- लक्ष्य नं. ९ – उद्योग, नवीन खोज र पूर्वाधार
- लक्ष्य नं. १० – असमानता न्यूनीकरण

१८. निश्कर्ष

इलम (ILaM) एउटा प्रणाली हो । जो रोजगारीसँग सम्बन्धित विभिन्न पक्षहरू जस्तै रोजगारी खोज्नेहरू, रोजगारदाताहरू, श्रम बजारसँग सम्बन्धित संस्थाहरू, रोजगारीका अवसरहरू, सीप, शिक्षा र तालिम कार्यक्रमहरू आदि एक अर्कासँग जोडिनेछ र एकसाथ प्रभावकारी रूपमा कार्य गर्नेछ । यसमा सूचना, जानकारी, सीप विकास र अवसरहरूको साझा एवम् अधिकतम रूपमा उपयोग गरिनेछ। यसले सहज, व्यवस्थित र प्रभावकारी श्रम बजार निर्माण गर्न रोजगारीका अवसरहरू, प्रभावकारी सूचना आदानप्रदान, रोजगार सेवा, तालिम तथा सीप विकास कार्यक्रम र समन्वयात्मक नीतिहरूको एकीकरणले रोजगारी खोज्नेहरूको गतिशीलतालाई बढाउँनेछ र श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष जनशक्तिको आपूर्तिमा सहजता ल्याउनेछ।

इलमको उपलब्धिहरूलाई बढावा दिन नीति र व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहन्छ । इलमलाई सही नीति र कानूनहरूबाट नियन्त्रित गर्नु पर्दछ अनि मात्र यो सकारात्मक उत्पादनको दिशामा जान सक्छ । त्यसैले नेपालमा बढ्दै गएको बेरोजगारी समस्यालाई समाधान गर्न तथा बेरोजगार व्यक्ति वा रोजगारी खोज्ने व्यक्तिहरुलाई आवश्यक सहयोग र सहजीकरण गर्न इलम अति जरूरी रहेको छ । इलमले रोजगारी खोज्ने व्यक्तिहरूलाई आन्तरिक वा बाह्य रोजगारीका नयाँ अवसरहरू प्रदान गर्नेछ । यसले सीप र क्षमता अनुसारको उपयुक्त रोजगारी खोज्न मदत गर्नेछ । यसले श्रम बजारको गतिशीलता र कुशलता बढाउँनेछ । यसले कामका लागि विभिन्न क्षेत्रहरूमा कामदारहरूको अधिक संचार गराउन सघाउँनेछ । श्रमिकहरूको जीवनान्तरण अनुभवमा सुधार गर्नेछ । यसले उद्यमशीलतालाई प्रोत्साहित गर्नेछ । जसले सामाजिक एवम् आर्थिक विकास र समृद्धिमा सहयोग पुर्याउँनेछ ।

नेपालको बेरोजगारी समस्यालाई अन्त्य गर्न इलम (ILaM) सहायक सिद्ध हुनेछ । यस परियोजनाले स्वदेश मै उत्पादन र रोजगारमा बढोत्तरी गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्रको आधार तयार गर्न सघाउँनेछ । मर्यादित रोजगारीका अवसर सिर्जना गर्न, उत्पादनशील रोजगारी र श्रम बजारको नतिजामा सुधार गर्न तथा सोह्रौ योजनाले राखेको मर्यादित श्रम, उत्पादनशील र समावेशी रोजगारी सिर्जनाको लक्ष्यमा समेत इलम (ILaM) ले सहयोग गर्नेछ ।

नेपालको आन्तरिक श्रम बजारलाई सन्तुलित, व्यवस्थित एवम् गतिशील बनाउन स्रोत साधनको कमीसंगै एकीकृत प्रणालीको अभाव पनि हो । त्यसैले हाल सञ्चालनमा रहेका रोजगारमूलक कार्यक्रमहरूलाई एकीकृत गरि देखिएका कमी कमजोरीहरुलाई सुधार गरि एकीकृत श्रम बजार प्रणालीको विकास गर्नु अपरिहार्य रहेको छ । इलम (ILaM) त्यो प्रणाली एवम् संरचना हो, जसले श्रम सुशासन, रोजगार सेवा, सीप विकास, न्यूनतम रोजगारी र उद्यमशीलतालाई एउटै परिणाममुखी फ्रेमवर्कमा ल्याई मर्यादित र दिगो रोजगारी सुनिश्चित गर्ने काम गर्नेछ ।

ILaM (इलम)

I- Integrated
La- Labour
M- Market

Integrated Labour Market
एकीकृत श्रम बजार

उत्पादनशील रोजगारीको मुख्य आधार: बेरोजगार व्यक्तिको इलममा सुधार।

इलम = सीप, हुनर, काम



LET ME ILaM

Component of ILaM

LET ME

L = Labour Governance

E = Employment Services

T = Training & Skill Development

M = Minimum Employment

E = Entrepreneurship Development & Promotion

Objectives of ILaM

- To manage & control enabling labour market
- To decide future of work
- To promote employment
- To Provide Employment Services
- To develop employability
- To provide labour market information
- To develop skilled & trained manpower
- To provide minimum employment to vulnerable people
- To develop entrepreneurship
- To provide Grant/capital & technical support

Target Group of ILaM

- Unemployed persons (18-59 Yrs)
- Low level of skills or limited work experience
- Returnee Migrants
- Private Sectors

Components of ILaM



Output of ILaM

- Increases inter ministerial and inter agency coordination
- Increases employability & employment
- Increased ability to retain a job
- Access in Safer migration & reintegration of returnee
- Decreases in Fraud of foreign employment
- Access to foreign employment related services
- Increased in Skill manpower
- Increases in self employed, SMEs, additional jobs & local production
- System development of employment exchange
- Decreases in Forced labour & Child labour

Outcomes of ILaM

- Easy access to labour market
- Decreases poverty and unemployment
- Increased Human capital
- Increases in productive employment & decent work
- Local Economic Development

Support to SDG



श्रम बजारलाई गतिशील, स्वचालित र व्यवस्थित बनाउन अबको नयाँ परिवेशमा राष्ट्रिय रोजगार प्राधिकरणको संरचनात्मक ढाँचा

National Employment Authority

- Federal Level

Governing Board

Chaired by –	Minister, MoLESS
Vice-chairperson –	Independent Labour Market Expert/Economics
Members –	MOF, MOFA, MOEST, MOY, MOALD, MOICS, MOFE, MOIC, Employer Federations, Trade Union, Civil Society, Academia, Diaspora, ...

Executive Secretariat

Executive Director –	Appointed on a merit basis
Director –	Department Head, Appointed on a merit basis
Technical Adviser -	Division Head, Appointed on a merit basis

Departments

1. Administration Department
   - Administration
   - Procurement
   - HR
   - Finance
2. Policy & Planning Department
3. Program Department
   - Employment Promotion
   - Skill Development & Training
   - Labour Migration & Mobility
   - Entrepreneurship & Innovation
   - Social Protection & Labour Rights
4. Research & Development Department
5. Monitoring & Evaluation Department

श्रम बजारलाई गतिशील, स्वचालित र व्यवस्थित बनाउन अबको नयाँ परिवेशमा प्रदेश रोजगार परिषदको संरचनात्मक ढाँचा

Provincial Employment Council

Province Level

Governing Board

Chaired by –	Chief Minister
Vice-chairperson –	Minister MOLE
Members –	MOF, MOFA, MOEST, Employer Federations, Trade Union, Civil Society, Academia, Diaspora, ...

Executive Secretariat

Director –	Appointed on a merit basis
Program Manager –	Department Head, Appointed on a merit basis
Technical Adviser -	Division Head, Appointed on a merit basis

- Established under National Employment Authority
- Province Employment Council act as a bridge between National Employment Authority and Employment Service Centers

Departments

1. Administration Department
   - Administration
   - Procurement
   - HR
   - Finance
2. Policy & Planning Department
3. Program Department
   - Employment Promotion
   - Skill Development & Training
   - Labour Migration & Mobility
   - Entrepreneurship & Innovation
   - Social Protection & Labour Rights
4. Research & Development Department
5. Monitoring & Evaluation Department

श्रम बजारलाई गतिशील, स्वचालित र व्यवस्थित बनाउन अबको नयाँ परिवेशमा रोजगार सेवा केन्द्रको संरचनात्मक ढाँचा

Employment Service Centers

Local Level

Governing Board

Chaired by – Mayor/Chairperson
Members – Department/Divion/Branch/Unit Head (5), Employer Federations, Trade Union, Civil Society, Academia, Cooperative Network, ...

Functions

1. Program Implementation

Executive Secretariat

Employment Coordinator – Appointed on a merit basis
Program Assistant – Appointed on a merit basis

- Established under National Employment Authority
- Bridging between Job seekers and Employer, Unemployment and Training Centers, ...
- Implementing mechanism of National Employment Authority and Province Employment Council

श्रम बजारलाई गतिशील, स्वचालित र व्यवस्थित बनाउन अबको नयाँ परिवेशमा सपोर्ट संरचना

Support Mechanism

- Nepal Employment Fund (Restructure of Yuwa Swarojgar Kosh)
- National Youth Organization
- CTEVT – National Skill Testing Board
- National Academy of Vocational Training - Sector Skill Council
- Private Sectors
- Trade Unions
- Employers Organization
- Donor Agencies
- Government Agencies
- .....

श्रम बजारलाई गतिशील, स्वचालित र व्यवस्थित बनाउन अबको नयाँ परिवेशमा श्रम बजार व्यवस्थापनको ढाँचा र विधि प्रक्रिया



(**नोट**: यस इलम परियोजना सम्बन्धी विस्तृत छलफल तथा शेयरिङ्ग गर्न म लगायतको टिम सदैब तयार रहनेछ ।)


EMPLOYMENT
SECTOR REFORM DIALOGUE FORUM